# नेपाल राष्ट्र बैंक

नेपालगञ्ज कार्यालय

## निर्माण/मर्मत कार्य सम्बन्धि

## सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : **२०७३/१२/११**)

यस कार्यालयको देहाय बमोजिमको निर्माण/मर्मत कार्य गर्न आवश्यक भएको हुँदा बैंकले तोकेको स्पेसिफिकेशन बमोजिम निर्माण कार्य गर्न इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ :

| का.यो.नं. | निमार्ण कार्यको विवरण | अधिकतम अनुमानित लागत रु. | सिलवन्दी दरभाउपत्रको जमानत रकम |
|---|---|---|---|
| १५ | Networking (Manageable Switch समेत) | ६,२५,८५०।०० | १९,०००।०० |
| १६ | ३ वटा बाथरुम(शौचालय) मर्मत गर्ने | २,९०,६००।१६ | ९,०००।०० |
| २० | मुद्रा व्यवस्थापन फांटमा अल्मोनियम पार्टिसन गर्ने | २,९९,०७५।६९ | ९,०००।०० |

**शर्तहरू**

१. सिलवन्दी दरभाउपत्रमा समावेश हुन चाहने फर्म/कम्पनीहरुले बैंकले तोकेको ड्रईङ्ग डिजाईन तथा BOQ बमोजिम अलग अलग निर्माण/मर्मत कार्यको लागि सिलवन्दी दरभाउपत्र पेश गर्न सक्नेछन् ।

२. सिलवन्दी दरभाउपत्र पेश गर्न चाहने फर्म/कम्पनीहरुले सिलवन्दी दरभाउपत्रका साथ फर्म/कम्पनी दर्ता गरेको प्रमाणपत्र, व्यवसाय नविकरण गर्नुपर्ने भए सो समेतको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि र आ.व.२०७२/७३ को सम्बन्धित कर कार्यालयबाट कर चुक्ता गरेको प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. फर्म वा कम्पनीको तर्फबाट सिलवन्दी दरभाउपत्र पेश गर्दा फर्मका तर्फबाट अख्तियारी दिईएको भए सोको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४. सिलवन्दी दरभाउपत्रकासाथमा सम्बन्धित निर्माण कार्यको लागि उल्लेख भए बमोजिमको जमानत वापतको रकम नगदै यस बैंकको नेपालगञ्ज कार्यालयको **सण्ड्री क्रेडिटर्स हिसाब २१०९९९/ ०११/००२/५२४** मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट जारी गरिएको सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ९० दिनको मान्य अवधि भएको बैंक जमानत पत्र संलग्न गर्नु पर्नेछ ।

५. सिलवन्दी दरभाउपत्र फाराम यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिदेखि १५ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह ५.०० बजेसम्म तोकिएको दस्तुर रू.५००।- तिरी (पछि फिर्ता नहुने गरी) यस बैंकको नेपालगञ्ज कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय नेपालगञ्जबाट खरीद गर्न सकिने छ ।

६. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह १२.०० बजे भित्र सिलवन्दी दरभाउपत्र यस बैंकको नेपालगञ्ज कार्यालयको आन्तरिक प्रशासन फाँटमा पेश गरिसक्नु पर्नेछ । साथै, सोही दिन अपरान्ह २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थिति नभए पनि) सिलवन्दी दरभाउपत्र खोलिनेछ ।

७. दरभाउपत्रदाता कुनै सरकारी वा गैरसरकारी संस्थाको कालो सूचीमा परेको हुनु हुंदैन । दरभाउपत्रदाताले आफु सिलवन्दी दरभाउपत्रमा भाग लिन हरतरहले योग्य भएको **स्वघोषणा-पत्र** समेत पेश गर्नु पर्नेछ ।

८. सिलवन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु सिलवन्दी दरभाउपत्र फाराम, सार्वजनिक खरिद ऐन २०६३ र नेपाल राष्ट्र बैंक, खरिद विनियमावली, २०७१ मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारी चाहिएमा यस बैंकको नेपालगञ्ज कार्यालय आन्तरीक प्रशासन फाँटमा कार्यालय समयभित्र सर्म्पक राख्न सकिनेछ ।

९. यो सुचना बैंकको वेभसाइट www.nrb.org.np मा समेत प्रकाशन गरिएको छ ।

निर्देशक